कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रस टोल, चितवन
बागमती प्रदेश, नेपाल

प:स:- २०७८।०७९

च:नं:- १६

मिती:-२०७८/१२/२८

श्री वडा कार्यालय सबै
कालिका नगर पालिका चितवन

बिषय:-लगत संकलन सम्बधमा ।

प्रस्तुत बिषयमा मिती २०७८/१२/१८ मा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यस्थित बसोबासीको लगत संकलनको लागी ३५ दिने सुचना प्रकाशित भएकोले यस अघिको आयोगको सुचनामा आवेदन दिन छुट भएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यस्थित बसोबासीले आयोगबाट प्राप्त हुने ढांचामा वडा कार्यालय मार्फत नै निवेदन संकलन गर्नुहुन तथा आवश्यक प्रचारप्रसार गर्नुहुनको लागि अनुरोध छ । साथै मिति २०७८/१२/१८मा गोरखापत्रमा प्रकाशित सूचनाको प्रतिलिपि थान १ यसै साथ सम्लग्न राखि पठाईएको ब्यहोरा समेत अनुरोध छ ।

२०७८।१२।२८

..........................
(रामप्रसाद अधिकारी)
अधिकृत सातौं

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८।०९।२५)

(दोस्रो पटक प्रकाशित मिति : २०७८।१२।१८)

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि मिति २०७८।०९।२५ गते ६८ वटा स्थानीय तहहरूका लागि ३५ दिने सूचना प्रकाशित गरिएकोमा देहाय बमोजिमका स्थानीय तहहरूले विभिन्न कारण देखाई लगत सङ्कलनको काम सम्पन्न हुन नसकेको भनी आयोगमा पुनः सूचना प्रकाशनका लागि अनुरोध गरेकोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०७८।१२।१८ देखि ३५ (पैंतिस) दिनभित्र स्थानीय तहबाट वडावार तोकिएका स्थानहरूमा खटिएका लगत सङ्कलक मार्फत पेस गर्नुहुन यो सार्वजनिक सूचना पुनः प्रकाशन गरिएको छ।

**तपसिल**

| प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| प्रदेश नं.१ | इलाम | सूर्योदय नगरपालिका, रोङ गाउँपालिका |
| | झापा | कन्काई नगरपालिका |
| | मोरङ | उर्लाबारी नगरपालिका, सुन्दर हरैंचा नगरपालिका, रतुवामाई नगरपालिका, बुढीगंगा गाउँपालिका, कनेपोखरी गाउँपालिका |
| | उदयपुर | कटारी नगरपालिका |
| मधेश | सप्तरी | तिलाठी कोइलाडी गाउँपालिका |
| | सिराहा | मिर्चैया नगरपालिका, धनगढीमाई नगरपालिका |
| | महोत्तरी | बर्दिबास नगरपालिका, सोनमा गाउँपालिका |
| | सर्लाही | बागमती नगरपालिका |
| | रौतहट | यमुनामाई गाउँपालिका, गुजरा नगरपालिका |
| | बारा | पचरौता नगरपालिका |
| | पर्सा | बीरगञ्ज महानगरपालिका |
| बागमती | चितवन | माडी नगरपालिका, कालिका नगरपालिका |
| गण्डकी | नवलपरासी (ब.सु.पू.) | हुप्सेकोट गाउँपालिका |
| लुम्बिनी | नवलपरासी (ब.सु.प.) | सुनवल नगरपालिका |
| | बाँके | राप्ती सोनारी गाउँपालिका |
| | बर्दिया | राजापुर नगरपालिका |
| सुदूर पश्चिम | कैलाली | धनगढी उपमहानगरपालिका |
| | कञ्चनपुर | बेलौरी नगरपालिका, बेदकोट नगरपालिका |

**द्रष्टव्य :** यसअघि निवेदन गरिसकेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूले पुनः निवेदन दिनु पर्ने छैन तर निस्सा लिन सम्बन्धित वडामा सम्पर्क गर्नु पर्नेछ।